म.प.बै.सं. ५।०८२

**संवत् २०८२ साल असार ०१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. अर्थ मन्त्रालयःमधेश प्रदेश सरकारको आगामी आर्थिक बर्ष २०८२/८३ को राजश्व र व्ययको अनुमान (बजेट वक्तव्य सहितको) मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. अर्थ मन्त्रालयः मधेश प्रदेश आर्थिक विधेयक, २०८२ मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

३. अर्थ मन्त्रालयः मधेश प्रदेश विनियोजन विधेयक, २०८२ मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः आगामी २०८२/०४/१२ (२८ जुलाई २०२५) देखि २०८२/०४/१६ (१ अगष्ट २०२५) सम्म Bangkok, Thailand मा “Project Completion and Dissemination Workshop” मा सहभागिताको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहाल ज्यूको वैदेशिक भ्रमण स्वीकृत गर्ने।

म.प.बै.सं. ६।०८२

## संवत् २०८२ साल असार १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः  प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट सिफारिस भई आएका तामाकोशी गा.पा.-४, दोलखाका उज्वल पोखरेललाई शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृत नवौं तह उपसचिव पदमा स्थायी नियुक्ति गरि शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशमा पदस्थापन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः  कानून मस्यौदा तथा सुझाव समिति सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी सम्पादन तथा प्रदेश राजपत्रमा प्रकाशनको लागि मधेश प्रदेश सरकार, गृह, सञ्चार तथा कानुन मन्त्रालयमा लेखि पठाउने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मधेश प्रदेशमा कार्यरत स्वास्थ्य सेवा, ज.हे.स. समूह, अधिकृत एघारौं तह, निर्देशक पदका डा. सुनिल प्रसाद कुशवाहा (क.सं.नं. २०४७७४) लाई प्रादेशिक अस्पताल सिरहामा काजमा खटाई सो स्थानमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश वा अन्तर्गत कामकाजमा खटिनु भएका स्वास्थ्य सेवा, मेडिकल जनरलिष्ट समूह, अधिकृत दशौं तह, वरिष्ठ कन्सल्टेन्ट मेडिकल जनरलिष्ट पदका डा. राजीव कुमार झा (क.सं.नं. २०४७२०) लाई प्रशासनिक तथा आर्थिक अधिकार सहित निमित्त निर्देशक भई कामकाज समेत गर्न थप जिम्मेवारी प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः चीनमा आयोजना हुने Seminar on Public Financial Management for Nepal मा सहभागिताको लागि अर्थ मन्त्रालय मधेश प्रदेशका प्रदेश सचिव श्री राम कुमार महतोलाई स्वीकृति प्रदान गर्ने।

५. गृह, सञ्चार तथा कानुन मन्त्रालयः प्रदेश संस्था दर्ता नियमावली, २०८१ को मस्यौदा स्वीकृत गर्ने।

६. भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयःभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत बहुवर्षिय निर्वाचन क्षेत्र लक्षित कृषि विद्युतिकरण कार्यक्रम नेपाल विद्युत प्राधिकरण प्रादेशिक कार्यालय , जनकपुरधाम मार्फत कार्यान्वयन गर्न सैद्धान्तिकस्वीकृति दिने ।

७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयःभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधामलाई संघिय सशर्त कार्यक्रम अन्तर्गत प्राप्त "उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम"मा विनियोजित बजेट आठवटै कृषि ज्ञान केन्द्रहरुबाट सञ्चालन हुने गरी रु. १४,८७,५००/- (अक्षेरपि रु. चौध लाख सतासि हजार पाँच सय मात्र) का दरले बाँडफाँटको स्वीकृति प्रदान गर्ने ।

८. भौतिक पूर्वाधार विकास मन्त्रालयः "महेन्द्र नारायण निधि विपन्न आवास योजना, कार्यान्वयन (पहिलो संसोधन) कार्यविधि, २०८२" स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः  स्वास्थ्य सेवा, सर्जरी समूह, जनरल सर्जरी उपसमूह, अधिकृतस्तर नवौं तहका कन्सल्टेन्ट सर्जन डा. अरुण शाह (क.सं.नं.२१८१९४) को राजीनामा मिति २०८०/०१/०१ गते देखि लागु हुने गरि स्वीकृत गर्ने ।

१०.प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, मधेश प्रदेशका प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत दशौं, उप-रजिष्ट्रार श्री रुपेश कुमार साह (क.सं.न. १९८४२०) लाई प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, मधेश प्रदेशमा प्रशासनिक तथा आर्थिक अधिकार सहितको निमित्त रजिष्ट्रारको जिम्मेवारीमा खटाउने।

म.प.बै.सं. ७।०८२

## संवत् २०८२ साल असार २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः श्री श्रवण कुमार नायक (क.सं.नं. १८६५८३) लाई मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०३।२० को निर्णय र यस कार्यालयको च.नं. २५४२ मिति २०८१।०३।२५ को पत्रानुसार भएको स्वास्थ्य सेवा , हेल्थ इन्सपेक्सन समूह , अधिकृत एघारौं तह , निर्देशक पदको बढुवा निर्णय सम्मानित प्रशासकीय अदालतको मिति २०८२।०१।०९ को आदेश र बढुवा समितिको मिति २०८२।०३।१८ को निर्णय बमोजिम बदर गरी निजलाई साविक स्वास्थ्य सेवा , हेल्थ इन्सपेक्सन समूह , अधिकृत दशौं तह , वरिष्ठ जनस्वास्थ्य प्रशासक पदमा कायम गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग बाटसिफारिस भएकी सिरानचोक गा.पा.-३ , गोरखाकी अनुपमा ढकाललाई इन्जिनियरिङ सेवा, जियोलोजी समूह, हाइड्रोजियोलोजी उपसमूह, अधिकृत नवौं तह सि.डि.हा.जी. पदमा स्थायी नियुक्ति गर्ने।

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयःमधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्ने।

४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः कोभिड-१९ को कारणले अकालमै मृत्यु भएका राष्ट्रसेवक कर्मचारी फेकन ठाकुर (क.सं.न.१८१९४९) को सबैभन्दा नजिकको हकवालालाई रु दश लाख क्षतिपूर्ति बापत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराउने।

म.प.बै.सं. ८।०८२

**संवत् २०८२ साल असार ३२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. Institute of Federalism, University of Fribourg, Switzerland द्वारा आगामी ३१अगष्टदेखि ६सेप्टेम्बर२०२५सम्म मित्र राष्ट्र स्विटजरल्याण्डमा आयोजना हुने "A Study Tour on Inter-Governmental Cooperation and Competition in the Swiss Federal System" विषयक कार्यक्रममामाननीय मुख्यमन्त्री श्री सतिश कुमार सिंहज्यू को सहभागिताको लागि मनोनयन हुन नेपाल सरकार, मन्त्रिपरिषद्माt सिफारिस गर्ने।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः मिति २०८२/०५/१७ (2 Sept. 2025) देखि २०८२/०५/२० (5 Sept. 2025) सम्म फिलिपिन्सको मनिलामा सञ्चालन हुने "Early Warning System Investment Planning and Climate Adaption Investment Planning Forum" कार्यक्रमको सहभागिताको लागि कृषि विकास निर्देशनलायका प्रमुख श्री जितेन्द्र यादवको वैदेशिक भ्रमण स्वीकृत गर्ने।

३. मधेश प्रदेश सभाको चालु पाँचौ अधिवेशन मिति २०८२ साल असार ३२ गते बुधबार राती १२ :०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।